# नेपाल राजपत्र

## भाग ५

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १७ गते २०३६ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

श्री ५ को सरकार नेपाल र जनवादी गणतन्त्र चीन सरकारका बीच भएको पूर्ण आयोजनाहरू स्थापना गर्ने बारेको सम्झौताको नेपाली र अंग्रेजी प्रति सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

श्री ५ को सरकार नेपाल र जनवादी गणतन्त्र चीन सरकारको बीच
पूर्ण आयोजनाहरू स्थापना गर्ने बारेको सम्झौता

श्री ५ को सरकार नेपाल तथा जनवादी गणतन्त्र चीन सरकार, दुई राष्ट्रहरूका बीच रहेको मैत्रीपूर्ण सम्बन्ध र सहयोगलाई अझ बढी अभिवृद्धि गर्ने उद्देश्यले तल लेखिएबमोजिम गर्न मञ्जूर गर्दछन् :–

दफा-१

श्री ५ को सरकार नेपाललाई राष्ट्रिय अर्थतन्त्र विकास गर्ने आवश्यकता अनुसारका तल उल्लेख भएबमोजिमका पूर्ण आयोजनाहरू स्थापना गर्न जनवादी गणतन्त्र चीन सरकार अनुदान स्वरूप सहायता गर्न मञ्जूर गर्दछ :–

(१) एउटा चीनी कारखाना,
(२) एउटा कागज कारखाना ।



25
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माथि उल्लेख भएका आयोजनाहरूको विस्तृत विवरण दुई पक्षहरूको बीच छलफल भई तय गरिनेछ ।

दफा-२

माथि उल्लेख भएका आयोजनाहरूको कार्यान्वयन गर्न, जनवादी गणतन्त्र चीन सरकार श्री ५ को सरकार नेपाललाई केही सामानहरू पठाउनेछ जुन श्री ५ को सरकारले स्थानीय बजारमा बिक्री गर्नेछ र उक्त सामानहरू बिक्री गरी नेपाली रूपैयाँमा प्राप्त भएको रकमबाट माथि उल्लेख भएका आयोजनाहरूको लागि स्थानीय खर्च व्यहोरिनेछ । यससम्बन्धी विवरणहरू दुवै पक्षहरूले तोकेको संस्थाहरूले तय गर्नेछन् ।

दफा-३

माथि उल्लेख भएका आयोजनाहरू कार्यान्वयन गर्न चीन सरकारले नेपालमा आवश्यक संख्यामा चाहिने प्राविधिक कर्मचारीहरू पठाउनेछ । उक्त प्राविधिक कर्मचारीहरूको नेपालमा काम गरून्जेलको सेवाको शर्त दुई सरकारहरूका बीच अक्टोबर १६, १९७६ मा काठमाडौंमा भएको आदान-प्रदान पत्रहरूमा उल्लेख भएबमोजिम हुनेछ ।

दफा-४

यो सम्झौता कार्यान्वयन गर्ने सन्दर्भमा, नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ चाइनाले छलफलद्वारा लेखा राख्ने प्रणालीको व्यवस्था मिलाउने छन् ।

दफा-५

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र दुवै पक्षहरूले आफ्नो दायित्व पूरा नगरून्जेल बहाल रहनेछ ।

सन् १९७८ को अक्टोबर महीनाको तारीख १ मा पेकिङ्गमा नेपाली, चीनियाँ र अंग्रेजी भाषाहरूमा दुई दुई प्रतिहरूमा हस्ताक्षर भयो र तीनै प्रतिहरू समान रूपमा प्रमाणिक हुनेछन् ।

| श्री ५ को सरकार नेपालको तर्फबाट | जनवादी गणतन्त्र चीन सरकारको तर्फबाट |
|---|---|
| असाधारण अधिकार प्राप्त प्रतिनिधि | असाधारण अधिकार प्राप्त प्रतिनिधि |
| प्रधानमन्त्री | राज्य परिषद्का उप-प्रधानमन्त्री |
| (कीर्तिनिधि बिष्ट) | (तङ स्याओ पिङ) |

30

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# AGREEMENT BETWEEN HIS MAJESTY'S GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE PEOPLE'S REPUBLIC OF CHINA ON CONSTRUCTION OF COMPLETE PROJECTS

His Majesty's Government of Nepal and the Government of the People's Republic of China, desiring to further develop the friendly relations and cooperation between the two countries, have agreed as follows :

## Article I

In accordance with the needs of His Majesty's Government of Nepal in developing its national economy, the Government of the People's Republic of China a grees to assist His Majesty's Government of Nepal gratuitously in building the following complete projects :

1. A sugar mill;
2. A paper mill.

Details for the implementation of the above projects shall be discussed and decided upon by the two sides later.

## Article II

For the implementation of the projects mentioned above, the Government of the People's Republic of China shall supply a certain amount of commodities to His Majesty's Government of Nepal, and the later undertakes to sell them in the local market of Nepal and, with the sale proceeds in Nepalese currency, to meet the local expenses which may be incurred in the construction of the above-mentioned projects. Details in this connection shall be worked out by the organizations to be designated by the two sides respectively.

## Article III

The Chinese Government shall send to Nepal a necessary number of engineering and technical personnel for the implementation of the above-mentioned projects. The terms and conditions of service for these Chinese engineering and technical personnel during their assignment in Nepal shall be those as laid down in the Letters exchanged in Kathmandu on October 19, 1976 between the two Governments of Nepal and China.

## Article IV

The Nepal Rastra Bank and the People's Bank of China shall work out through consultations the technical arrangements of the accounting procedures for the implementation of this Agreement.

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## Article V

This Agreement shall enter into force on the date of signature and shall remain in force until the two sides have fulfilled all their respective obligations under this Agreement.

Done in duplicate in Peking on October 1, 1978 in the Nepalese, Chinese and English languages, all the three texts being equally authentic.

| | |
|---|---|
| Plenipotentiary of His Majesty's Government of Nepal | Plenipotentiary of the Government of the People's Republic of China |
| Prime Minister | Vice-Premier of the State Council |
| (Kirti Nidhi Bista) | (Teng Hsiao-ping) |

आज्ञाले–
परमानन्द झा
श्री ५ को सरकारको उप-सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालयको

## सूचना

श्री ५ को सरकार नेपाल र प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया सरकार बीच भएको आर्थिक सहयोगसम्बन्धी संझौताको नेपाली र अंग्रेजी प्रति सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

श्री ५ को सरकार नेपाल र प्रजातान्त्रिक
जनवादी गणतन्त्र कोरिया सरकार बीच भएको
आर्थिक सहयोगसम्बन्धी सम्झौता

श्री ५ को सरकार नेपाल र प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया सरकार, दुई देश बीच रही आएको मैत्रीपूर्ण सम्बन्धलाई अझ बढी सुदृढ गर्ने र आर्थिक सहयोगको विकास गर्ने अभिप्रायले निम्नानुसार गर्न सहमत भएका छन् ।

दफा–१

श्री ५ को सरकार नेपाललाई प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया सरकारले सुदूर पश्चिमाञ्चलको कैलाली र कञ्चनपुर जिल्लामा ३५०० हेक्टरको मोहना सिचाइ आयोजनाको निमित्त आवश्यक ७,२०० टन सिमेण्ट र १२० टन स्टिल बिना कुनै मूल्य उपलब्ध गराउनेछ।

दफा–२

प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया सरकारले दफा १ मा उल्लिखित सरसामानहरू तल उल्लेख गरिएको उपलब्ध गराउने अनुसूची अनुसार सी. आई. एफ. कलकत्ता, भारतको आधारमा उपलब्ध गराउनेछ ।

उपलब्ध गराउने अनुसूची :

| | सिमेण्ट | स्टिल |
|---|---|---|
| १९७९ | १,००० टन | १२० टन |
| १९८० | ३,००० " | |
| १९८१ | ३,२०० " | |

दफा–३

यो सम्झौताको कार्यान्वयनमा आइपर्ने अन्य विषयहरू दुई सरकारका सम्बन्धित अधिकृतहरू बीच सौहार्दपूर्ण छलफलद्वारा समाधान गरिने छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा–४

यो सम्झौतामा कुनै थप तथा संशोधन दुवै सरकार बीच लिखित सम्झौताद्वारा मात्र मान्य हुनेछ ।

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ ।

यो सम्झौता नेपाली, कोरियन र अंग्रेजी प्रत्येक भाषामा दुई दुई प्रति तयार गरी काठमाडौंमा १ डिसेम्बर १९७८ मा हस्ताक्षर गरियो । सबै प्रतिहरू समान रूपले मान्य हुनेछन् । कुनै भिन्नता भएमा अंग्रेजी प्रति मान्य हुनेछ ।

| | |
|---|---|
| श्री ५ को सरकार नेपालको तर्फबाट | प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरिया सरकारको तर्फबाट |

मुद्रण विभाग, सिंहदरबार

38
• आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## AGREEMENT

On the economic cooperation between
His Majesty's Government of Nepal
and the Government of the Democratic
People's Republic of Korea

With a view to further strengthening the friendship established between the two countries and developing the economic cooperation, His Majesty's Government of Nepal and the Government of the Democratic People's Republic of Korea have agreed as follows:

### Article 1

The Government of the Democratic People's Republic of Korea shall, free of charge, supply to His Majesty's Government of Nepal 7200 tons of cement and 120 tons of steel needed for the construction works of the Mohana irrigation project with a command area of 3500 hectares in Kailali and Kanchanpur districts of the Far Western Region of the Kingdom of Nepal.

### Article 2

The Government of the Democratic People's Republic of Korea shall deliver the materials specified in Article 1 of this Agreement on the basis of CIF Calcutta, India as per the delivery schedule mentioned below:

| Delivery Schedule: | Cement | Steel |
|---|---|---|
| 1979 | 1000 Tons | 120 Tons |
| 1980 | 3000 Tons | |
| 1981 | 3200 Tons | |

### Article 3

All the other matters arising in the implementation of this agreement shall be settled through amicable negotiation between the authorities concerned of the two Governments.

### Article 4

Any supplement to and modification of this Agreement shall be valid only by a written agreement between the two Governments. This

32
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

agreement shall come into force from the date of signature. This agreement has been done in the Nepalese, Korean and English languages each in duplicate and signed in Kathmandu on the 1st of December 1978, all texts being equally authentic. In case of divergence the English text shall prevail.

On the authorisation of
His Majesty's Government of Nepal

On the authorisation of the
Government of the Democratic
People's Republic of Korea

आज्ञाले–
परमानन्द झा
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

३६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार